# बार्षिक स्थिति प्रतिबेदन

# ANNUAL STATUS REPORT

# 2076/077




Slide: 3

## MATRI SHISHU MITERI HOSPITAL

## POKHARA-16, BATULECHAUR

## अस्पताल ब्यबस्थापन समितिका अध्यक्षको सन्देश :

मातृशिशु मितेरी अस्पताल मिति २०६९ सालमा समुदाय स्तरबाट महायज्ञ जस्तो धार्मिककार्यक्रम आयोजना गरेर स्थापना गरिएको थियो । यसलाइ २०७३ साल असौज १२ गते संमाननिय राष्ट्रपति बिदयादेबी भण्डारी ज्यु द्धारा बिधिबतरुपमा उदघाटन गरिएको छ । यस अस्पतालका परिकल्पनाकार एबं अस्पतालका संस्थापक अध्यक्ष माननिय कृष्ण थापा लगायत अस्पतालको संस्थापन ब्यबस्थापन समितिका अन्य पदाधिकारीहरुको यस अस्पताल स्थापनागरि सन्चालन गर्नमा महत्बपुर्ण योग्दान रहेको छ ।

साबिकको पोखरा उपमहानगर र जापानको कोमागाने शहर बिच भएको भगिनी संबन्धको प्रतिकको रुपमा यो अस्पताल स्थापना भएको र पोखराको उत्तरीभेकमा रहेको समुदायलाई लक्षितगरि समुदायस्तरमा गएर गर्भबती महिला र नबजात शिशुको हेरचाह गर्नकालागि आमा र बच्चाको दिगो स्बास्थ्य कार्यक्रम परियोजना संचालन गरि महिलाहरुको प्रजनन स्बास्थ्यमा सुधार गर्न प्रभावकारी भूमिका यस अस्पतालले निर्बाह गर्दै आएको छ । २०७५ सालमा गण्डकी प्रदेश अन्तर्गत प्रदेश अस्पतालको रुपमा रहेको यस मातृशिशु मितेरी अस्पताललाई प्रदेश स्तरिय मातृशिशु अस्पतालको रुपमा स्तर उन्नति गर्ने कार्यक्रम सामाजिक बिकाश मन्त्रालयको रहेको छ ।

स्थापनाकाल देखिनै बिभिन्न आरोह अबरोह पार गर्दै आएको यस अस्पतालले नेपालको संबिधान २०७२ मा उल्लेख भएको प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्बास्थ्य सेबा निशुल्क प्राप्त गर्ने हकको आधारमा प्रदान गरिने सेबा लगायत, मातृशिशु मृत्युदर घटाउनकोलागि गरिएको सरकारको निति अनुरुप सेबा प्रदान गर्दै आएको अस्पतालमा क्रमस सेबालिने नागरिकको संख्यामा बृध्दिहुदै आएको छ जसलाई यस प्रतिबेदनमा समाबेश गरिएको सेबाग्राहीले सेबालिएको आँकडाले पुष्टी गर्दछ ।एउटा सरकारी अस्पताललाई ब्यबस्थापनगरि सन्चालन गर्नकालागि त्यती सहज छैन । भौतिक पुर्बाधार निर्माण, जनशक्तिको ब्यबस्थापन, क्षमता बिकाश, आबश्यकता अनुसारको गुणस्तरिय सेबा प्रबाहकालागि गरिने कार्यक्रम संबन्धीत सरोकारबालाहरुसंगको समन्बय र सहकार्य तथा सबै पक्षको अनुगमन र मुल्याङकन अस्पताल सन्चालनकालागि ज्यादै आबश्यक पक्षहरु रहेछन । जसलाई समायोजन गर्न सामाजिक बिकाश मन्त्रालयबाट माननिय मन्त्री ज्यु , स्बास्थ्य बिभाग प्रमुखहरुको समय समयको अनुगमन, सल्लाह सुझाब र निर्देशनले यो कार्यमा लाग्न उर्जा थपेको छ ।

बिश्बब्यापी रुपमा महामारीको रुपमा फैलिएको नोबलकोरोना भाइरस कोभिड१९ले बिश्बलाइनै तहसनहस पारेकोबेला नेपालपनि अछुतो रहन सकेन । २०७६ साल चैत्रबाट क्रमस फैलदै आएको कोरोना भाइरस नेपालमा दिन प्रतिदिन बढदै गएको छ । समुदाय स्तरमा फैलिएको यो महामारी नियन्त्रणबाट बाहिर गएको अबस्था छ ।यस्तो अबस्थामा पनि अस्पताललाई सुचारुरुपमा सन्चालन गर्न सहयोग गर्ने अस्पताल ब्यबस्थापन समितिका सदस्यहरु,अस्पतालका बिशेषज्ञ चिकित्सक तथा अस्पतालका संपुर्ण कर्मचारीहरु, नागरिक सहयोग समूह, प्रभु बिकाश बैङक लगायत सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।यस्तो बिषम परिस्थितिमा दैनिक प्रतिबेदन तयारगरि सुचना प्रबाह गर्ने र अस्पतालको बार्षिक गतिबिधिलाई संकलन गरि अस्पतालको आ.ब २०७६। ०७७ को बार्षिक प्रतिबेदन तयारपार्नु भएकोमा बरिष्ट मेडिकल रेकडर निरिक्षक तथा सुचना अधिकारी लक्ष्मण पौडेललाई बिशेष धन्यबाद ब्यक्त गर्दछु ।

…………………

उषा बरुबाल

अध्यक्ष

## अस्पतालप्रमुखको सन्देश:

मातृशिशु मितेरी अस्पतालले आ.ब को २०७६/०७७ को बार्षिक स्थिति प्रतिबेदन तयार गरि प्रस्तुत गराउन पाउँदा खुसी लागिरहेको छ । बिगत चार आ.ब. २०७३/०७४, २०७४/०७५, २०७५/०७६ र २०७६/०७७ को बहिरङग, इमर्जेन्सी, अन्तरङ र अपरेसन बिभागहरुमा उपलब्ध गराइएको सेबाहरुको तुलनात्मक कार्य सम्पादन यसमा समाबेस गरिएको छ । यसबाट अस्पतालको बिगत देखि बर्तमान सम्मको स्थितिको मुल्यांकन गर्न सकिन्छ । बिगत चार बर्षको तुलनामा आ.ब. २०७६/०७७ सेबा उपलब्धतामा उत्कृष्ट बर्षको रुपमा देखापरेको छ ।सेबाग्राहीको संख्यामा भारी बृध्दिभएको छ । सेबाग्राहीहरु सन्तुष्ट भई सेबालिएर गएको भन्ने तथ्यबिरामी सन्तुष्ट भएनभएको अनुसन्धान सर्भेबाट प्रमाणित भएको छ।

आमा र नबशिशुको जोखिमपुर्ण स्वास्थ्यको तत्कालब्यबस्थापन गरि अकाल मृत्युहुन बाट जोगाउने कार्यमा यो मातृशिशु मितेरी अस्पताल लागि परेको छ । यसको माध्यमबाट पोखराको उत्तरी भेकका नागरिकहरुले बिशेषज्ञ सेबा आफनै घर आगनमा प्राप्त गरिरहेको स्थिति छ । अस्पतालको सेबा बाट प्रभाबितभई कास्की जिल्लाभन्दा बाहिरका गर्भवतिमहिलाहरु पनि सुत्केरी सेबालिन यस अस्पतालमा आएको अबस्था छ । आबश्यक मेसिनतथा उपकरणहरु, आबश्यक बजेट, आबश्यकजनशक्ति र आबश्यक सामाग्रीहरुको सन्तुलन स्वास्थ्य संस्थामाहुन सक्यो भने अस्पतालको कार्यसम्पादन गुणस्तरिय बनाउन सकिने हुन्छ भन्ने कुरा यहाँ छर्लङग भएको छ ।

दिगो बिकाशलक्ष्यको मातृ तथा नबशिशुको स्वास्थ्यमा उल्लेख्य सुधारगरि मातृ तथा पेरिनेटल मृत्युमा कमिल्याउनु परेको छ । मातृशिशुको अस्पताल भएकाले यो अस्पतालले प्रभावकारी भुमिका खेलेको छ । मिति २०७३ फागुनदेखि शुरुबातभएको स्वास्थ्यबिमा सेबा यो अस्पतालमा चलिरहेको छ । करिब ५० देखि ६० को संख्यामा प्रतिदिन स्वास्थ्यबिमाका बिरामीहरुले सेबालिई लाभान्बितहुन पाएको अबस्था छ । अनुसन्धानात्मक सेबातर्फ ल्याब, एक्सरे, भिडियो एक्सरेको सेबा गुणस्तरियरुपमा उपलब्ध गराईएको छ । त्यस संबन्धि जनशक्ति सक्षम रहेको र त्यसलाई चाहिने अत्याधुनिक मेसिन उपकरणको ब्यबस्थापन गरिएको छ ।

यस अस्पताल सुधारको एजेन्डामा प्रत्यक्षसहयोग तथा साथदिनुहुने स्थानिय नागरिक समाजका अगुबाहरु, महिला समुहहरु, प्राध्यापक,शिक्षक, बिदयार्थीहरु, राजनैतिक पार्टिहरु, माननिय सभासदज्युहरु, बडाअध्यक्ष ज्यु, अस्पताल ब्यबस्थापन समितिकापदाधिकारीहरु लगायत लब्धप्रतिष्ठीत ब्यक्तित्वहरुप्रति हार्दिक आभार ब्यक्तगर्दछु ।

यस अस्पतालको सेबामा कटिबध्द भई योग्दान पुर्‍याउनु हुने संपुण चिकित्सकहरु, नर्सिङ, पारामेडिक्स, अन्यप्रशासनिक तथा सहयोगीकर्मचारीहरु प्रतिहार्दिक आभार ब्यक्त गर्न चाहन्छु । बहाहरुकै योग्दानलेनै आज यो अस्पताल उदाहरणिय रुपमा सन्चालन भएको ब्यहोरा जग जाहेर छ । यो मातृशिशु मितेरी अस्पतालको बार्षिक स्थितीको प्रतिबेदनतयार गर्ने कार्यको संपुर्ण प्रकियामा नेतृत्बदायी भुमिका निर्बाह गर्नुहने यस अस्पतालको मेडिकल रेकर्डशाखाका बरिष्ट मेडिकल रेकर्डर निरिक्षक अधिकृत सातौ तहका श्री लक्ष्मण शर्मा पौडेल प्रति बिशेष धन्यबाद ब्यक्त गर्दछु । यसै गरि प्रतिबेदन तयारी समितिको टिममा संलग्न रहि अप्रत्यक्ष सहयोग पुयाउनुहुने अस्पतालका सबै फाटका इन्चार्ज साथीहरु प्रति धन्यबाद ब्यक्त गर्दछु ।

अन्तमा अस्पतालको गुणस्तर सुधारगरि ब्यबस्थित सन्चालनमा हरेक प्रकारको प्रत्यक्ष सहयोग, मार्गनिर्देशन तथा सुझाब सल्लाह उपलब्ध गराइदिनुहने सामाजिक बिकाश मन्त्रालय गण्डकी प्रदेश, स्वास्थ्य निर्देशनालय प्रति हार्दिक आभार ब्यक्त गर्दछु र आगामी दिनहरुमापनि निरन्तर सहयोगको अपेक्षा गर्दछु । धन्यबाद

डा. प्रतिभा गौली, नि.मे.सु.

**प्रतिबेदनको सारांसः**

सिमान्तकृत, अल्पसंख्यक पछाडि परेका जनसमुदाय, अतिगरीब, गरीब अपाङग जेष्ठ नागरिक सबैलाई स्बास्थ्य सेबाको सहज पहुँच उपलब्ध गराउनु सरकारी स्बास्थ्य संस्थाको प्रमुख दायित्ब हो । त्यसैगरि सबै नागरिकलाई गुणस्तरिय स्बास्थ्य सेबा उपलब्ध गराउनु अर्को दायित्ब हो ।

जाइका पबलिक प्राइभेट पाटनरसिप प्रोजेक्टको २०२० मा गरिएको एक अध्ययन प्रतिबेदनका अनुसार मातृशिशु मितेरी अस्पतालले उपलब्ध गराएको सेबामा ९५ प्रतिशत सेबाग्राहीलाई सन्तुष्टतुल्याएको छ भने सबै नागरिकलाई सहज स्बास्थ्य सेबाको पहुच उपलब्ध गराएको प्रतिबेदनले देखाएको छ । लक्षित समूहका नागरिकहरुले सहजरुपमा सेबापाएको अबस्था छ । अर्कोतर्फ यो अस्पतालले कोभिड१९ को जोखिमपुर्ण अबस्थामा पनि सेबाहरु नियमित र प्रभाबकारी रुपमा उपलब्ध गराएको बिरामीका अभिभाबकको सन्तुष्टी कलम स्तम्भमा उल्लेख छ ।

सेबाग्राहीको भारी संख्यामा सबै सेबामा बृध्दि भएको छ । गतबर्ष सम्म दैनिक २० देखी ३० जना स्बास्थ्यबिमाका बिरामीहरु आईरहेकोमा यस आ.ब.२०७६/०७७ मा औसत दैनिक ४० देखी ५० जना सम्म बिरामीहरु सेबा लिन आईरहेको अबस्था छ । यस अस्पतालको बहिरङग सेबामा आ.ब. २०७३/०७४ मा कुल ८२३४ जनाले सेबा लिएका थिए भने ०७४/०७५ मा ११८६६ जना ०७५/०७६ मा १८४९३ जना र ०७६।०७७ मा २११४२ जनाले सेबालिएको देखिन्छ । यसरी बहिरङग सेबामा हरेक बर्ष सेबाग्राही बृध्दि भएको देखिन्छ । यसैगरि आकस्मिक बिभागमा ०७३/०७४ आ.ब.मा ३६३ जनाले सेबालिएका देखिन्छ भने ०७४/०७५मा ६३७ र आ.ब. २०७५/०७६मा ३५७९ जना र ०७६।०७७ मा ३७९२ ले सेबालिएको देखिन्छ । यसरी हेर्दा हरेक बर्ष आकस्मीक सेबालिने बिरामहिरु बृध्दि भइरहेको अबस्था छ । यसरी सेबाग्राहीको संख्यामा बृध्दिहुदै जानुले अस्पताल प्रति नागरिकको बिश्बास थपहुदै गएको देखिन्छ ।

भर्नाभई डिस्चार्ज भएका बिरामी ०७३/०७४ आ.ब.मा ३६३ जनामात्र थिए भने ०७४/०७५ मा ६३७ जनाले सेबा लिएको देखिन्छ भने ०७५/०७६ आ.ब. मा ८१८ र ०७६।०७७ मा ८२२ जनाले सेबालिइ डिस्चार्जभई गएको देखिन्छ । यसैगरि प्रयोगशालामा ०७३/०७४ मा कुल २३१२३ परिक्षण भएको थियो भने आ.ब. ०७४/०७५ मा बृध्दिभई ४६३०८ पुगेको थियो भने आ.ब. २०७५/०७६ मा भारी बृध्दिभई ५९३६५ संख्यामा परिक्षण सम्पन्नभएको थियो । ०७६।०७७ आ.ब.मा प्रयोगशालामा ८६१३३ परिक्षण सम्पन्न भएको थियो । यसैगरि कुल डेलिभरी संख्या २०७३/०७४ मा १६८ मात्र थियो भने आ.ब. २०७४/०७५ मा बृध्दिभई ४१२ जनाले सुत्केरी सेबालिएको देखिन्छ । यसैगरि २०७५/०७६मा ५८८जनाले सुत्केरी सेबालिएको देखिन्छ । गत आ.ब. ०७६।०७७ मा ५७४ जना ले कुल सुत्केरी सेबा लिएको देखिनछ । यस अन्तर्गत १३४ जनाले चिरफार अपरेसन गरि सुत्केरी सेबा लिएको देखिन्छ ।

यसैगरि अनुसन्धानमुलक सेबातर्फ एक्सरे सेबा आ.ब. ०७३/०७४ मा जम्मा ३३२ जनाले सेबालिएको देखिन्छ भने आ.ब. २०७४/०७५ मा ७१५ जना र आ.ब. २०७५/०७६ मा १०१२ जना र ०७६।०७७ मा १०३७ जनाले सेबालिएको देखिन्छ । यसै गरि भिडियो एक्सरे तर्फ ०७३/०७४ मा १०४३ जनाले सेबालिएका थिए भने २०७४/०७५मा २६८५ जना०७५/०७६ आ.ब.मा ३८४४ जना र ०७६।०७७मा ३८८८ले भिडियो एक्सरे सेबालिएकाथिए । यसैगरि इ.सी.जी. सेबातर्फ आ.ब. ०७३/०७४ मा कुल १७१ जनाले सेबालिएकोमा आ.ब. ०७४/०७५ मा २३९ जना र आ.ब. २०७५/०७६ आ.ब.मा ३५५ जना र ०७६।०७७ मा ६८५जनाले सेबालिएको देखिन्छ ।

तथ्याङकीयबिश्लेषण गरि हेर्दा अस्पतालमा ब्यापक सुधार आएको देखिन्छ । कुशल नेतृत्व तथा ब्यबस्थापन, सक्षमजनशक्तिको टिम,आबश्यक मेसिनतथा उपकरणहरु क्रमस उपलब्धहुदैजानु,बजेटको उपलब्धतामा बृध्दि आदि कारणले मातृशिशु मितेरी अस्पताल साच्चिकै गुणस्तरिय देखिएको छ । यस आ.ब २०७६/०७७ मा अस्पतालको गेट निमार्ण,र्याम्प निमार्ण, चिकित्सकआबाशगृह निर्माण, अस्पतालको तला थप, प्रयोगशाला सेबामा गुणस्तर सुधार र नबजात शिशुको बिशेष उपचार सेबा सन्चालनमा आएका छन् ।

प्रदेश सरकार सामाजिक बिकाश मन्त्रालय गण्डकी प्रदेशबाट यो मातृशिशु मितेरी अस्पताललाई गुणस्तरिय स्बास्थ्य सेबा उपलब्ध गराउन समय समयमा माननिय मन्त्रिज्यु सचिब ज्यु, स्बास्थ्य निदेशनालयका निर्देशक ज्यु, मन्त्रालयका जनस्बास्थ्य तथा चिकित्सासेबा प्रमुखज्युको प्रत्यक्ष अस्पतालमा अनुगमन निर्देशन प्राप्त हुदै आएको छ । जसको प्रभाबले अस्पताललाइ चाहिने आबश्यक मेसिन तथा उपकरण औजार तथा सामाग्रीको लागि बजेट ब्यबस्था तथा त्यसको कार्यान्बयनकोलागि सामाजिक बिकाश मन्त्रालयबाट कार्यबिधिको ब्यबस्थाले मेसिन औजार उपकरणहरु ब्यबस्थापन गर्न समयमै संभब भएको छ । आगामी दिनहरुमा अस्पतालको आन्तरिक ब्यबस्थापनको माध्यमबाट अस्पतालले सेबामा थप गुणस्तर कायम गरि सेबाग्राही नागरिकलाई थप सन्तुष्टी तुल्याउदै जाने छ ।

**वार्षिक स्थिति प्रतिवेदन**

**(Annual Status Report)**

**२०७६/०७७**

**१. पृष्ठभूमि**

आमा र नब शिशुको जोखिमपुर्ण स्बास्थ्यको तत्कालै ब्यबस्थापन गरि आबश्यक उपचार मार्फत मृत्युहुनबाट बचाउने सरकारको मुख्य प्राथमिकतामा रहेको छ । यसै सन्दर्भमा पोखराको उत्तरीभेकका गर्भबती,सुत्केरी आमाहरु र नब शिशुहरुको स्बास्थ्यलाई नागरिक कै पायक पर्ने ठाउमा ब्यबस्थापन गर्न मिति २०७२ साल आश्विन २२ गते स्वीकृत भई प्रसुति तथा स्त्रीरोग र बालरोग बिशेशज्ञ सहितको सरकारी मातृशिशु मितेरी अस्पतालको नामले सन्चालनमा आएको छ । यो अस्पताललाई बिधिबतरुपमा महामहिम राष्ट्रपति बिद्यादेबि भण्डारी ज्यु द्धारा मिति २०७३ साल आश्विन १२ गते उद्घाटन गरिएको हो । यो अस्पताल पोखरा महानगरपालिका बडा नंबर १६ बाटुलेचौरमा पर्दछ । यो अस्पताल पोखराको मुख्य बजार महेन्द्रपुल देखि करिब ५ किलोमिटर दुरीमा रहेको छ । यो अस्पताल बाटुलेचौर स्बास्थ्य चौकीको स्तरउन्नति र मातृशिशु मितेरी सामुदायकि अस्पताल समायोजन गरि बनाइएको हो । स्थापनाकालदेखिनै २५ शैया स्बीकृतभई यो अस्पतालमा आकस्मिक तथा नियमति प्रसुति संबन्धी अपरेसन सेबा समेत सुचारु छ । हाल यो अस्पतालमा नबजात शिशुको बिशेष उपचार सेबा समेत चालु अबस्थामा रहेको छ ।

**२. स्थिति विश्लेषणको उद्देश्य**

हरेक बर्ष सरकारी स्बास्थ्य संस्थामा सरकारले लगानी गरेको हुन्छ । लगानी गरे अनुरुपको परिणाम पाउन सकियो सकिएन । स्बास्थ्य संस्थाको बास्तबिक स्थिति के छ । जनशक्ति, आबश्यक बजेट, मेसिन तथा उपकरणहरुको ब्यबस्थापन भए नभएको थाहा पाई समयमै कार्य योजना बनाई कार्यन्वयन गर्नु पर्ने हुन्छ । अत स्बास्थ्य संस्थाको बास्तबिक अबस्था बुझि समस्याहरुको समयमै पहिचान गरि त्यसको समाधानको कार्ययोजना बनाइ कार्यान्वयन गर्दै अगाडि बढनु स्थिति बिश्लेषणको उद्धेश्य हो ।

**३. स्थिति प्रतिवेदन निर्माण प्रक्रिया**

अस्पतालमा रहेका बिभिन्न शाखा प्रमुखहरुको सहभागितामा आ.ब. २०७६/०७७ मा अस्पतालले गरेको कार्य सम्पादनहरु संकलन, उदाहरणिय राम्रा कामहरुको संकलन , सेबाहरुको तथ्यांक,सेबाहरुको सन्चालन मा आइपरेका कठिनाइहरु समस्या समाधानका उपायहरुको बारेमा ब्यापक छलफल गरि यो बार्षिक स्थिति प्रतिबेदन तयार पारिएको छ ।

४. **अस्पताल ब्यबस्थापन समितिका पदाधिकारीहरु**

क. उषा बरुबाल अध्यक्ष
ख. दामु अधिकारी सदस्य
ग. पुष्पराज तिमिल्सेना सदस्य

घ. डा.बर्षा कुवर सदस्य

ङ. सृजना कार्की भट्टराई

च. डा. प्रतिभा गौली सदस्य सचिब

## ५. HUMAN RESOURCES अस्पतालको सरकारी जनशक्ति बिबरण

| कम संख्या | स्बिकृत दरबन्दी | संख्या | पद पुर्ति | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल सुपरिन्टेण्डेन्ट<br>(बरिष्ट प्रसुति तथा स्त्रीरोग बिशेषज्ञ) | १ | ० | ० | |
| २ | बालरोग बिशेषज्ञ | १ | ० | ० | |
| ३ | कन्सल्टेण्ट एमडिजिपि | | | १ | स्बास्थ्य मन्त्रालय करार |
| ४ | मेडिकल अधिकृत | ४ | ४ | ७ | छात्रबृति करार |
| ५ | बरिष्ट मे.रे. निरिक्षक | १ | १ | १ | |
| ६ | नर्सिङ अधिकृत | १ | १ | २ | १स्बास्थ्य मन्त्रालय करार |
| ७ | हाउस किपिङ सुपरभाईजर | १ | ० | ० | |
| ८ | हे.अ. /सि.अ.हे.ब | ५ | ५ | ५ | |
| ९ | स्टाफ नर्स | ५ | ५ | ५ | |
| १० | फार्मेसी सहायक | १ | १ | १ | |
| ११ | एनस्थेसिया सहायक | १ | ० | ० | |
| १२ | रेडियोग्राफर | १ | १ | १ | |
| १३ | ल्याब टेक्निसियन/असिस्टेण्ट | २ | १ | १ | |
| १४ | लेखापाल | १ | १ | १ | |
| १५ | सि.अ.न.मी/अ.न.मी. | ५ | ५ | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | नायब सुब्बा | १ | १ | १ | |
| १७ | ड्राईभर | १ | ० | ० | |
| १८ | कार्यालय सहायक | ६ | १ | १ | |
| | **जम्मा** | **३८** | **२७** | **३२** | |

बिश्लेषण:

- दरबन्दीका स्त्रिरोग र बालरोग बिशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त
- अस्पतालमा ४ मे.अ.को दरबन्दी भएपनि १ जनामात्र कार्यरत भएको अवस्था ।

६. **अस्पताल ब्यबस्थापन समिति तर्फका कार्यरत कर्मचारीहरु**

| क्रमसंख्या | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रसुति तथा स्त्रीरोग बिशेषज्ञ | १ | |
| २ | बालरोग बिशेषज्ञ | १ | |
| ३ | मेडिकलल्याब टेक्नोलोजिष्ट | १ | |
| ४ | स्टाफ नर्स | ४ | |
| ५ | स प्रशासक | १ | |
| ६ | अ.हे.ब | ३ | |
| ७ | रेडियोग्राफर | १ | |
| ८ | अ.न.मी. | ४ | |
| ९ | सहलेखापाल | १ | |
| १० | ल्याब असिष्टेन्ट | २ | |
| ११ | ड्राइभर | २ | |
| १२ | सुरक्षा गार्ड | ३ | |
| १३ | सरसफाई | ६ | |
| १४ | फार्मेसी सहायक | ३ | |

| | | | |
|---|---|---|---|
| १५ | प्लम्बर | १ | |
| १६ | इलेक्ट्रिसिएन | १ | |
| १७ | कार्यालय सहायक | २ | |
| १८ | रिसेप्सनिष्ट | १ | |
| | जम्मा | ३८ | |

७. **हालको अस्पतालको सेबा भवन र जमिन**

- अस्पतालको आफनै जमिन १२ रोपनी १२ आना १ पैसा क्षेत्रफलमा फैलिएको छ ।
- अस्पतालको दुई तलाको बहिरङ, अन्तरङ्ग र ईमर्जेन्सी सेबा भबन छ । तेस्रोअताको
- निर्माण सम्पन्न भएपछि अस्पतालका कोठाहरु प्रयाप्त हुनेछन ।
- चिकित्सक आबास गृह एकतला बनिसकेको अबस्था छ ।
- अस्पतालका स्वास्थ्यकर्मीहरुको लागि आबास गृहको ब्यबस्था नभएको ।
- अस्पतालमा एम्बुलेन्सको ब्यबस्था छ ।

**८. मुख्य मुख्य मेसिन तथा उपकरणहरु :**

इमर्जेन्सी बिभागमा Monitor, ECG machine, Nebulization machine

Suction machine, O2 cylinder आदि छन ।

अपरेसन बिभागमा OT Table OT light ventilator OT monitor ECG machine Anesthesia GA machine आदि छन ।

प्रयोगशाला बिभागमा 3 part coulter machine Microscope Bio semi Auto Analyzer

Electrolytes analyzer HBAIC Analyzer हरु छन ।

रेडियोलजी बिभागमा USG B/W USG 3 probe colour Doppler Digital X_Ray machine हरु छन ।

SNCU बिभागमा Baby Radiant warmer Incubator/phototherapy CPAP Cardiac monitor baby Electric vacuum Extractor machine हरु छन ।

अन्य मुख्येसिन तथा उपकरणमा Elect Beds Defibrillator Cardiac table blue Cardiac monitor Vacuum extractor, Refrigerator हरु छन ।

## ९. कुल बजेट तथा खर्च बिबरण

| क्रम संख्या | बजेट बर्गिकरण | रकम | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | पुजिगत | 75219000 | 75219000 | 61474182 |
| २ | चालु | 35673000 | 35673000 | 33266795.50 |
| | जम्मा | 110892000 | 110892000 | 94740977.50 |

बेरुजु नभएको अबस्था छ ।

***प्रदेश बाट प्राप्त बजेट***

| क्रम संख्या | बजेट बर्गिकरण | रकम | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | पुजिगत | 75219000 | 75219000 | 61474182 |
| २ | चालु | 28989000 | 28989000 | 27137407.50 |
| | जम्मा | 104208000 | 104208000 | 88611589.50 |

## ***10.अस्पतालहरुको गुणस्तर एवं सेवा सुदृढीकरण***

***जम्मा बिनियोजित बजेट 1092000/***

| क्रम संख्या | बिवरण | खर्च रकम रु २०७६/०७७ |
|---|---|---|
| १ | अस्पताल विकास समितिको बैठक संचालन र सामाजिक परीक्षण | 54500/ |
| २ | अस्पतालमा continue Medical education कार्यक्रम सन्चालन | 98000/ |
| ३ | अस्पताल तथा अस्पताल परिसरको सरसफाइको लागि ज्याला खर्च | |
| ४ | भौतिक संरचनाको मर्मत सुधार | 969700/ |
| ५ | अस्पतालजन्य फोहोर मैला ब्यवस्थापन तथा संक्रमण रोकथाम | 67800/ |
| ६ | अस्पतालको लागि अत्यावश्यकीय विद्युत, खानेपानी तथा ढल निकास ब्यवस्थापन | |
| ७ | क्लिनिकल सेवा विस्तार/औजार उपकरण खरिद | |
| ८ | अस्पतालमा फार्मेसी स्थापना संचालन तथा सुदृढीकरण | |
| ९ | अस्पतालको स्वास्थ्य ब्यवस्थापन सूचना प्रणाली सुदृढीकरण | |
| १० | विरामीहरुका लागि अन्य सेवा सुविधाहरु सुदृढीकरण गर्न | |
| ११ | अस्पतालमा सोलर पावर ब्याकअप जडान | |
| | जम्मा | 1092000/ |

## 11. Hospital management committee:

| Description | |
|---|---|
| 1. Number of meetings held in 2076/77 | 21 |

| 2. Financial information | Amount NPR |
|---|---|
| 2.1 Balance @ end Asad 2076 | 1513138.35 |
| 2.2 Income | 20466208.53 |
| 2.3 Expenses | 22404051 |
| 2.4 Balance @ end Asad 2077 | 125445.88 |
| Any donation | 550150 |

# 12. Hospital Beds

| Description | Total |
|---|---|
| Sanctioned Beds | 25 |
| Operational Beds | 15 |
| Total inpatient beds maternity | 10 |
| Emergency Department | 3 |
| General | 2 |
| SNCU | 3 |

## 13. Available Hospital services

Consultant services:

Obst/Gynae, pediatric, General Medicine, Radiology, Anesthesiology

1. General OPD
2. Pediatric OPD
3. Obst/Gynae OPD

- Emergency services (24 hours with Doctor available)


### Indoor

- Maternity
- SNCU
- General Medicine
- LSCS operation (Emergency and routine)
- Investigation / Diagnostic services

  X-Ray, ECG, USG, Laboratory
- pharmacy
- Social Health security ( health insurance) started at phalgun 2073
- Via test
- Prevention of Mother to child Transmission (PMTCT)
- Safe abortion

- public health programs as Immunization, Family planning, CBIMNCI, ANC, Breast care and counselling, TB, PMTCT,

# 14.Hospitals main Departments




15.तथ्याङ्क र सूचनाहरुको प्रस्तुति (सम्वन्धित सूचकहरु, आफ्नो निकायसंग सम्वन्धित तथ्यांक, )

| SN | Description | 2073/074 | 2074/075 | 2075/076 | 2076/077 | Trend |
|---|---|---|---|---|---|---|
| 1 | Master Registered patient | 8234 | 11866 | 18493 | 21142 | + |
| 2 | Total Number of OPD | 5918 | 8695 | 14209 | 15040 | |
| 3 | Total Number of Emergency Cases | 1723 | 2638 | 3579 | 3792 | |
| 4 | Total Number of Inpatients Discharged | 363 | 637 | 818 | 822 | |
| 5 | Total Number of Lab tests Provided | 23123 | 46308 | 59365 | 86133 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 6 | No of Normal spontaneous Delivery | 115 | 300 | 436 | 428 | |
| 7 | Forcep/vaccume | 12 | 17 | 24 | 12 | |
| 8 | No of C/S Delivery | 41 | 95 | 128 | 134 | |
| 9 | Total Deliveries | 168 | 412 | 588 | 574 | |
| 10 | Referral Cases (**Out**) Total | 1005 | 1110 | 1456 | 1880 | |
| 11 | Total Maternal Deaths | 0 | 0 | 0 | 0 | |
| 12 | still birth macerated | 2 | 1 | 0 | 1 | |
| 13 | Still birth fresh | 0 | 1 | 1 | 1 | |
| 14 | Other Hospital death | 0 | 0 | 0 | 0 | |
| 15 | Health insurance patient | 926 | 3099 | 7503 | 10826 | |

16**. Investigation services**

| SN | particulars | 073/74 | 074/75 | 075/076 | 076/077 |
|---|---|---|---|---|---|
| 1 | X-Ray | 332 | 715 | 1012 | 1037 |
| 2 | USG | 1043 | 2685 | 3844 | 3888 |
| 3 | ECG | 171 | 239 | 355 | 685 |

अनुसन्धानात्मक सेबाहरुको कमस बृध्दि हुदै गएको अबस्था छ ।

17. **Laboratory services**

| Year | Parasitology | Bacteriology | virology | Hematology | Biochemistry | Immunology | Total |
|---|---|---|---|---|---|---|---|
| 073/74 | 1679 | 141 | 1203 | 7730 | 10759 | 1611 | 23123 |
| 074/75 | 350 | 296 | 3688 | 12599 | 23351 | 2871 | 46308 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 075/076 | 4578 | 321 | 1686 | 26897 | 22185 | 3698 | 59365 |
| 076/077 | 5662 | 126 | 3523 | 45389 | 28006 | 3427 | 86133 |

अस्पतालका प्रयोगशाला सेबाहरु आ.ब. २०७६।०७७ मा अत्यधिक बृध्दि भएको अबस्था छ ।

18. **Hospital Indicators**

| SN | indicators | calculation | 2073/74 | 074/075 | 075/076 | 076/077 |
|---|---|---|---|---|---|---|
| 1 | Total OPD visit as % of total population | 15040/25464 | 33 | 35 | 57 | 59 |
| 2 | % of Emergency visit among total Hospital visit | 3792/21142 | 21 | 22 | 19 | 18 |
| 3 | Bed occupancy rate | 1734/5400*100 | 21 | 36 | 51 | 32 |
| 4 | Delivery conducted as % of expected livebirth | 574/542*100 | 35 | 76 | 100 | 100 |
| 5 | Average length of stay | 1734/822 | 2 days | 2.05 | 2.25 | 2.10 |
| 6 | Death rate among inpatients | 0 | 0 | 0 | 0 | 0 |
| 7 | No. of CAC/PAC service | | 40 | 60 | 82 | 46 |
| 8 | Throughput | 904/15 | 40 | 69 | 90.1 | 60 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 9 | Bed turnover Interval | 365-(2.10*60)/60 | 7.125 | 3.24 | 1.80 days | 3.98 |
| 10 | Doctor Inpatient ratio | 822/10 | 52 | 71 | 91 | 82 |
| 11 | Doctor OPD patient ratio | 15040/10 | 845 | 966 | 1579 | 1504 |
| 12 | Nurses Inpatient ratio | 822/20 | 26 | 45.5 | 58 | 41 |
| 13 | Patient sex ratio in Inpatient | 718/104 | 1:3.59 | 1:6.86 | 1: 11.39 | 1:7 |

## 19. Leading OPD Morbidity 076/077

| Data / Period | Shrawan 2076 to Asar 2077 |
|---|---|
| OPD-Morbidity-Surgical Problems-Not mentioned Above & Other | 4501 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Hypertension | 1735 |
| Total Old (Repeated) OPD Visits | 1393 |
| Outpatient Morbidity-Other Infected Diseases-Upper Respiratory Tract Infection (URTI) Cases | 803 |
| Outpatient Morbidity-Nutritional & Metabolic Disorder-Diabetes Mellitus (DM) Cases | 787 |
| OPD-Morbidity-Other Diseases & Injuries-Gastritis (APD) | 628 |
| OPD-Morbidity-Other Diseases & Injuries-PUO | 593 |
| Outpatient Morbidity-Other Infected Diseases-ARI/Lower Respiratory Tract Infection (LRTI) Cases | 460 |
| OPD-Morbidity-Orthopaedic Problems-Falls/Injuries/Fractures | 447 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-COPD | 355 |
| Outpatient Morbidity-Other Infected Diseases-Urinary Tract Infection (UTI) Cases | 273 |
| OPD-Morbidity-Other Diseases & Injuries-Abdominal pain | 248 |
| Outpatient Morbidity-Skin Diseases-Fungal Infection (Lichen Planus) Cases | 242 |
| Outpatient Morbidity-Gynae Problems-Pelvic Inflammatory Disease (PID) | 210 |
| OPD-Morbidity-Orthopaedic Problems-Backache(Muskuloskeletal Pain) | 202 |
| Outpatient Morbidity-HIV/STI-Lower Abdominal Pain Syndrome (LAPS) Cases | 178 |
| Outpatient Morbidity-Gynae Problems-Menstrual disorder | 162 |
| Outpatient Morbidity-ENT Infection-Sinusitis Cases | 157 |
| Outpatient Morbidity-Communicable-Water/Food Borne-Presumed Non-Infectious Diarrhoea Cases | 115 |
| Outpatient Morbidity-ENT Infection-Acute Suppurative Otitis Media Cases | 106 |
| OPD-Morbidity-Other Diseases & Injuries-Headache | 97 |
| Outpatient Morbidity-Skin Diseases-Abscess Cases | 78 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Bronchial Asthma | 77 |
| Outpatient Morbidity-Skin Diseases-Boils Cases | 64 |
| Outpatient Morbidity-Gynae Problems-Disfunctional Uterine Bleeding (DUB) | 63 |
| Outpatient Morbidity-Communicable-Water/Food Borne-Jaundice Cases | 60 |
| Outpatient Morbidity-HIV/STI-Vaginal Discharge Syndrome (VDS) Cases | 59 |
| Outpatient Morbidity-Skin Diseases-Dermatitis/Eczema Cases | 49 |
| Outpatient Morbidity-Skin Diseases-Impetigo Cases | 44 |
| Outpatient Morbidity-Gynae Problems-Prolapsed Uterus | 43 |

| | |
|---|---|
| Outpatient Morbidity-Oral Health Related Problems-Oral Ulcer (Aphthous & Herpetic) Cases | 41 |
| Outpatient Morbidity-Skin Diseases-Scabies Cases | 39 |
| Outpatient Morbidity-ENT Infection-Rhinitis Cases | 34 |
| OPD-Morbidity-Surgical Problems-Prostatism-(BEP/BPH) | 33 |
| Outpatient Morbidity-ENT Infection-Acute Tonsilitis Cases | 32 |
| Outpatient Morbidity-ENT Infection-Pharyngitis/Sore Throat Cases | 32 |
| Outpatient Morbidity-Gynae Problems-Sub-fertility (Female) | 32 |
| Outpatient Morbidity-Communicable-Water/Food Borne-Acute Gastro-Enteritis (AGE) Cases | 30 |
| Outpatient Morbidity-Nutritional & Metabolic Disorder-Anaemia/Polyneuropathy Cases | 29 |
| Outpatient Morbidity-Communicable-Water/Food Borne-Typhoid (Enteric Fever) Cases | 27 |
| Outpatient Morbidity-Oral Health Related Problems-Dental Caries Cases | 21 |
| OPD-Morbidity-Surgical Problems-Mastitis(Ignored Breast/Breast Abcess) | 19 |
| Outpatient Morbidity-Conjunctivitis Cases | 14 |
| Outpatient Morbidity-Communicable-Water/Food Borne-Intestinal Worms Cases | 13 |
| Outpatient Morbidity-Communicable/Immunizable-Mumps Cases | 13 |
| OPD-Morbidity-Other Diseases & Injuries-Dog Bite | 12 |
| Outpatient Morbidity-Mental Health related problems-Mental Illness (Mental disorder) | 12 |
| OPD-Morbidity-Orthopaedic Problems-Arthritis-Osteo Arthrosis | 10 |
| OPD-Morbidity-Orthopaedic Problems-Osteo Arthrosis | 9 |
| Outpatient Morbidity-Nutritional & Metabolic Disorder-Avitaminoses & Other Nutrient Deficiency Cases | 9 |
| Outpatient Morbidity-Other Infected Diseases-Pneumonia Cases | 9 |
| OPD-Morbidity-Surgical Problems-Hernia | 8 |
| Outpatient Morbidity-ENT Infection-Wax Cases | 8 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Rheumatic Heart Disease | 7 |
| OPD-Morbidity-Surgical Problems-Haemorrhoids/Piles | 7 |
| Outpatient Morbidity-Skin Diseases-Urticaria Cases | 7 |
| OPD-Morbidity-Orthopaedic Problems-Rheumatoid Arthritis | 6 |
| OPD-Morbidity-Surgical Problems-Cholelithiasis | 6 |
| Outpatient Morbidity-Other Infected Diseases-Viral Influenza Cases | 6 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Other Cardiovascular | 5 |

| | |
|---|---|
| Problems | |
| OPD-Morbidity-Other Diseases & Injuries-Burns & Scalds | 5 |
| Outpatient Morbidity-Communicable/Immunizable-Chicken Pox Cases | 5 |
| Outpatient Morbidity-Mental Health related problems-Depression | 5 |
| OPD-Morbidity-Cardiovascular & Respiratory Related Problems-Cardiac Failure | 4 |
| OPD-Morbidity-Other Diseases & Injuries-Insect/Wasp Bite | 4 |


20.**Top ten inpatient Morbidity and Mortality**

| **Morbidity 2076/77** | **Mortality 2076/77** |
|---|---|
| Top 10 Diseases among inpatients | Top ten Mortality among inpatients |
| 1 NNJ- 55 | |
| 2. UTI- 32 | |
| 3. Viral fever-29 | |
| 4. AGE- 20 | |
| 5. Hypermesis-11 | |
| 6. COPD- 11 | |
| 7. retained placenta- 6 | |
| 8. INC abortion-4 | |
| 9. URTI-3 | |
| 10.DM- 2 | |

21. **Deliveries classified by caste/Ethnicity 076/77**

| Deliveries by | Number of Delivered |
|---|---|

| caste/ethnicity | | |
|---|---|---|
| 1 | Dalit | 162 |
| 2 | Janjati | 251 |
| 3 | Madhesi | 2 |
| 4 | Muslim | 1 |
| 5 | Brahmin/chhetri | 152 |
| 6 | other | 6 |
| | Total | 574 |




22. **विशेष प्राथमिकतासाथ सम्पन्न कार्यहरु**

- चिकित्सक आबासको जमिनतला निर्माणकार्य सम्पन्न भएको छ ।
- बिरामीहरलाइ माथिल्लो तलामा जान र्‍याम्प निर्माण भैरहेको छ ।
- नबजात शिशुको बिशेष उपचार सेबा सन्चालनमा आएको छ ।

- प्रयोगशाला कक्षको ब्यबस्थापन तथा गुणस्तर सुधार भएको छ ।
- अस्पतालको माथिल्लो तला थपको निर्माणकार्य सम्पन्न भएको छ ।
- अस्पतालको बाहिर निस्कने गेटको निर्माण कार्य सम्पन्न भएको छ ।
- आबश्यऔजार उपकरण ब्यबस्थापन भएको छ ।

  ओ.टी. टेबुल,लाईट, जी.ए मेसिन, एन.आई.सि.यु. उपकरण, एक्सरे मेसिन,युएस जी मेसिन
- समुदायमा आधारित नबजात शिशु र बालरोगको एकिकृत ब्यबस्थापन ( समितिबाट बाल रोग बिशेषज्ञको ब्यबस्थापन)
- फोहरमैला ब्यबस्थापन
- नागरिक सहयोग समूहको सहयोगमा प्रशाशकीय कक्ष ब्यबस्थापन भएको छ ।

## 23. कार्यालयको प्राथमिकतामा रहेका कार्यक्रमहरु

आमा सुरक्षा, समुदायमा आधारित नबजात शिशु र बालरोगको एकिकृत ब्यबस्थापन, परिबार नियोजन, ईमजेन्सी, ओ.पी.डी, इण्डोर, खोप, फार्मेसी, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे आदि ।

## 24. समग्र कार्यक्रमको प्रमुख उपलब्धि

- कोभिड १९ को महामारी भएपनि अस्पतालका सेबाहरु नियमित
- स्बास्थ्य बिमा संग संबन्धीत बिरामीहरु बृध्दि
- गुणस्तरिय सेबा
- सेबाग्रहीहरु अस्पतालको सेबा बाट सन्तुष्ट भएको अनुसन्धान प्रतिबेदनको निष्कर्ष ।
- अस्पतालको गुरु योजना तयार
- क्यान्टीन ब्यबस्थापन
- जोखिमपुर्ण अबस्थामा पनि निर्माण कार्यको सम्पन्नता ।
- स्थानिय नागरिकको स्बास्थ्य संस्थामा सेबालिएको संख्या बृध्दि ।

## 25. समस्या र चुनौतिहरु

- मेडिकल सुपरिन्टेण्डेन्ट ( स्त्रिरोग बिशेषज्ञ ) को दरबन्दी रिक्त
- मेडिकल अधिकृत ४ जना दरबन्दीमा १ जनामात्र कार्यरत
- बालरोग बिशेशज्ञको दरबन्दी पुर्ति हुन नसकेको

## 26. समस्या र चुनौती सामना गर्न गरिएका प्रयासहरु

अस्पताल व्यबस्थापन समितिले अस्पतालको सेबाको मागलाइ व्यबस्थित गर्न मेडिकल सुपरिन्टेण्डेन्ट(स्त्री रोग बिशेषज्ञ) र बालरोग बिशेषज्ञको स्थायी दरबन्दी रिक्त भएपनि आफनै श्रोतबाट स्त्री रोग बिशेषज्ञ १ जना र बालरोग बिशेषज्ञ १ जना नियुक्त गरि सेबा सुचारु गर्दै आएको छ । त्यस्तै प्रयोगशाला तर्फ १ जना ल्याब टेक्नोलोजिष्ट र १ जना ल्याब असिष्टेन्ट समिति तर्फबाट नियुक्तिगरि चौबिसै घण्टा प्रयोगशाला सेबा व्यबस्थापन गरेको छ । त्यस्तै फार्मेसीतर्फ सरकारी दरबन्दी १ जना मात्र भएकोमा चौबिसैघण्टा फार्मेसी सेबा सन्चालनको लागि थप ३ जना फार्मेसी सुपरभाइजरको व्यबस्थापन गरेको छ । त्यस्तै नबजात शिशुको बिशेष उपचार कक्षको सेबा नियमित गराउन अतिरिक्त नर्सिङ जनशक्तिको व्यबस्थापन गरेको छ ।

## 27. सिकिएका पाठहरु

जननिर्बाचित प्रतिनिधि मार्फत अस्पतालका आबश्यकताको लबिङ गर्दा बजेट प्राप्त गर्न बल मिलेको छ । अत अस्पताल व्यबस्थापन समिति, स्थानिय निर्बाचित जनप्रतिनिधि र अस्पताल प्रशाशन साथ साथै हातेमालो गरि अस्पताल सुधारको एजेण्डामा एक्यबध्द भई अगाडी बढन सके अस्पताल व्यबस्थापनमा थप सुधार आउने छ ।

## २८. आगामी कार्य योजनाहरु

- ढल निकासको व्यवस्था ।
- Fountain छहराको व्यवस्थापन ।
- शुद्ध पिउने पानीको व्यवस्था (भित्र र बाहिर) ।
- खोपकेन्द्रको व्यवस्थापन ।
- जिप्सन मर्मत ।
- भवनमा रंग रोगन गर्ने ।
- शौचालयको व्यवस्थापन ।
- पार्किङ्गको व्यवस्थापन ।
- कम्पाउण्ड बाहिर नाला माथि सल्याव राख्ने ।
- भान्साघरको निर्माण ।
- फार्मेसी र खाजाघर भवनको निर्माण ।
- गर्भवती महिलालाई सुरक्षित आवास गृहको व्यवस्थापन ।
- लिफ्टको व्यवस्था ।
- प्रसुति वार्ड जाने करिडोरमा च्यानल गेट राख्ने ।

- भुईतलामा पुनः विद्युतीकरण गर्ने ।
- ICU को व्यवस्थापन
- ICU / SNCU अगाडी शौचालको निर्माण ।
- ५० शैयाको अस्पताल बनाउन जग्गाको व्यवस्थापन ।
- अस्पतालको DPR तयार गर्ने ।
- Visitor का लागि कपडा धुने र बस्ने ठाउको व्यवस्था गर्ने ।
- कपडा सुकाउने ठाउको व्यवस्था ।
- बालवगैचाको व्यवस्था ।
- स्टोरको व्यवस्थापन ।
- OT, ICU, SNCU मा डाईरेक्ट फोनको व्यवस्था ।
- Intercome को व्यवस्था ।
- प्रत्येक वार्डमा स्टोरको व्यवस्था ।
- Nursing Stations व्यवस्थापन ।
- Record Section को व्यवस्थापन ।
- Bio-gas को व्यवस्थापन ।
- Paying Clinic को व्यवस्थापन ।
- दोस्रो तल्लाको B ब्लकको फिनिसिङ्ग ।
- EMR plan को व्यवस्थापन ।
- आवश्यक फर्निचरको व्यस्थापन ।
- आवश्यक तालिमको आयोजना गर्ने ।
- अर्थो सम्वन्धि सेवाको व्यवस्थापन ।
- पुस्तकालयको व्यवस्थापन ।
- तालिम कक्षको व्यवस्थापन ।
- Website को व्यवस्थापन ।
- अस्पतालबाट प्रकाशित गरिने स्मारिकाको व्यवस्थापन ।
- क्याविनको व्यवस्थापन ।
- स्वयम सेविकाहरुलाई तालिम ।
- सामाजिक लेखा परिक्षण र सुनुवाई ।
- विशेषज्ञ सहितको जनशक्तिको व्यवस्थापन ।
- विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय र स्थानिय संघ सस्था सग समन्वय राखी कार्यक्रम गर्ने ।
- सरसफाई सम्वन्धि कार्यक्रमको आयोजना ।
- अति विपन्न विरामीको लागि कार्यक्रम ।
- फिजिसियन चिकित्सकको व्यवस्था ।
- अबलोकन भ्रमणको ब्यबस्था
- माथिल्लो तलामा ट्रस सहित फिनिसिङ
- दोस्रो तलामा बिद्युतिकरण र फर्निचर

- आबास गृहको कम्पाउन्ड निर्माण
- अस्पताल भबन पछाडिको भागमा बगैचा सहित केहि समय पर्खिने बस्ने ब्यबस्था

## 29. निष्कर्ष

अस्पताल ब्यापक सुधारको अबस्थामा छ । चिकित्सक आबास गृहको एकतला निर्माण भएको छ । सेबासंख्यामा भारी बृध्दि भएको छ । अस्पतालको गुरु योजना ईन्जीनियरिङ द्धारा प्रस्तुत भएको छ । नबजात शिशुको बिशेष उपचार सेबा जेष्ठ २०७७ बाट सन्चालनमा आएको छ । अस्पतालको बिगत तिन बर्षमा कमस सुधार आई सेबा बिस्तार भएको छ । स्थानिय नागरिकहरुको स्वास्थ्य संस्था प्रति बिश्बास बढि रहेको देखिएको छ । आन्तरिक ब्यबस्थापन प्रभाबकारी हुदै गएको देख्न सकिन्छ ।